# बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित
# राजपत्र

संख्या : ४५

मिति : २०८०।५।१८

भाग - २

## बर्जु गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र  प्रकाशन गरिएको छ ।**

## स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

**प्रमाणिकरण मिति :२०८०।५।१८**

बर्जु गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शून्य शिक्षक दरबन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गरी अपरिपूर्त शिक्षकको मागलाई पुर्ति गर्न स्वयंसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा सन्चालन, नियुक्ति तथा पदस्थापनालाई व्यवस्थित,मर्यादित एवम् स्तरीय

बनाउन र योग्य तथा सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिबृद्धि गर्न बर्जु गाउँपालिका शिक्षा ऐन, २०७९ को दफा ११९ प्रयोग गरी यो स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८० जारी गरिएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम स्वंयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८० रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "पूर्व प्राथमिक विद्यालय" भन्नाले चार बर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

ख."ऐन" भन्नाले बर्जु गाउँपालिका शिक्षा ऐन, २०७९ सम्झनुपर्छ ।

ग. "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्दछ ।

घ. "अध्यक्ष" भन्नाले बर्जु गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

ङ."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्जु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

च. "शाखा" भन्नाले यस गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

छ."शिक्षा अधिकृत" भन्नाले यस गाउँपालिकाको शिक्षा शाखा हेर्ने अधिकृतलाई सम्झनुपर्दछ ।

ज."बाल विकास केन्द्र सहयोगी कार्यकर्ता" भन्नाले बाल विकास केन्द्र (युकेजी कक्षा ) सन्चालनका लागि नियुक्त व्यक्ति सम्झनुपर्दछ ।

झ."छनौट समिति" भन्नाले नियम १३ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

ञ.प्रधानाध्यापक भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ ।

ट. "स्वंयमसेवक बालविकास सहजकर्ता" भन्नाले गाउँपालिकाद्धारा स्वीकृत अनुदान कोटामा नियुक्त भएको युकेजी कक्षामा अध्यापन गर्ने स्वंयमसेवक बालविकास सहजकर्ता सम्झनुपर्दछ ।

ठ. "प्राथमिक स्वंयमसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्धारा स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वंयमसेवक शिक्षक सम्झनुपर्दछ ।

ड."निम्न माध्यमिक स्वंयमसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्धारा स्वीकृत अनुदान कोटामा नियुक्त भएको निम्न माध्यमिक तहमा अध्यापन गर्ने स्वंयमसेवक शिक्षक सम्झनुपर्दछ ।

ढ. " माध्यमिक स्वंयमसेवक शिक्षक" भन्नाले गाउँपालिकाद्धारा स्वीकृत अनुदान कोटामा नियुक्त भएको  माध्यमिक तहमा अध्यापन गर्ने स्वंयमसेवक शिक्षक सम्झनुपर्दछ ।

ण."विषय विशेषज्ञ" भन्नाले शिक्षक छनौट परीक्षा सन्चालनको लागि गाउँपालिकामा सूचीकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञलाई सम्झनुपर्दछ ।

## परिच्छेद – २

## दरबन्दी सृजना, योग्यता, छनौट तथा नियुक्ति प्रक्रिया

### ३. स्वंयमसेवक शिक्षकको अनुदान दरबन्दी सृजना गर्न सक्ने :

i) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिकाले बाल विकास सहजकर्ता, प्राथमिक , निम्न माध्यमिक र माध्यमिक तहका

स्वंयमसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सिर्जना गर्न सक्नेछ ।

ii) स्वंयमसेवक शिक्षकको कोटा वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ ।

क. प्रत्येक विद्यालयमा युकेजी कक्षा थप गर्न एक वटा दरबन्दी वितरणमा पहिलो प्राथमिकता दिइनेछ ।

ख.शुन्य दरबन्दी भएको विद्यालयलाई विशेष प्राथमिकता दिने

ग. एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने

घ. विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

ङ.आधारभूत तह (६-८) र माध्यमिक तह (९-१२) संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ ।

**४. स्वंयमसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था** :
नियम ३ बमोजिम सिर्जना भएको दरबन्दीमा नियुक्त हुने स्वंयमसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ ।

१. **पूर्व प्राथमिक तह (बाल विकास सहजकर्ता)** :

क. कम्तिमा कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्नेछ

ख. माथिल्लो तह उत्तिर्णलाई प्राथमिकता

ग. विवाहित महिलालाई विशेष प्राथमिकता

घ. शिक्षाशाष्त्र अध्ययन गरेको हुनुपर्दछ ।

ङ.१८  बर्ष पुरा भइ ४० बर्ष ननाघेको

च. ९० कार्यघण्टाको आधारभूत व्यवहारिक तालिम लिएको वा शिक्षाशाष्त्र अध्ययन गरेको हुनुपर्दछ ।

**२. प्राथमिक तह:**

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ,

ख. शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्को शिक्षा विषय लिई उत्तीर्ण गरेको ,

ग. स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ. नेपाली नागरीकता प्राप्त गरेको ,

**३. निम्न माध्यमिक तह :**

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख.शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्को शिक्षा विषय लिई उत्तीर्ण गरेको ,

ग. स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ. नेपाली नागरीकता प्राप्त गरेको ,

**४. माध्यमिक तह :**

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

ख.शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा स्नातक तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्को शिक्षा विषय लिई उत्तीर्ण गरेको ,

ग. स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

घ. नेपाली नागरीकता प्राप्त गरेको,

**५. उम्मेद्वारका लागि अयोग्यता : देहायका व्यक्तिहरु स्वंयमसेवक शिक्षक अनुदान पदमा उम्मेद्वार हुनका लागि योग्य हुन सक्ने छैनन् :**

क.                              गैर नेपाली नागरिक

ख.१८   बर्ष नपुगेको

ग. ४० बर्ष उमेर पुरा भएको

घ. मगज बिग्रेको

ङ.नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको,भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको

च. अध्यापन अनुमति पत्र नलिएको तर पूर्व प्राथमिक तहको हकमा अध्यापन अनुमतिपत्र नभएको खण्डमा पनि मान्य हुने

छ.तालिम नलिएको

**६. पाठ्यक्रम, परीक्षा प्रणाली  तथा मूल्याङ्कन प्रक्रिया :** परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन विधि शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ भने बाल विकास सहजकर्ताको हकमा यस कार्यविधिको अनुसूची - १ मा उल्लेख भए बमोजिम हुनेछ **।**

**७.** स्वंयमसेवक शिक्षकको छनौट सम्बन्धी व्यवस्था : स्वंयमसेवक शिक्षक छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

**१.** स्वंयमसेवक शिक्षक छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले सूचना प्रकाशन गर्नेछ ।

**२.** स्वंयमसेवक शिक्षक नियुक्तिका लागि गाउँपालिकामा सूचीकृत विषयविज्ञबाट प्रश्नपत्र निर्माण गर्नेछ ।

**३.** योग्यता पुगेका ईच्छुक उम्मेद्वारले तोकिएको ढाँचामा फारम भरी गाउँपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

**४.** शिक्षक सेवा आयोगले प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहको खुल्ला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरूप स्वंयमसेवक

शिक्षकहरुको छनौट हुनेछ । बाल विकास सहजकर्ताको हकमा यस कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

**५.** बालविकास सहजकर्ता,प्रावि शिक्षक,निमावि शिक्षक,र मावि शिक्षकको दरखास्त दस्तुर क्रमश: रु ५००।- ,८००।- ,१०००।– र १२००।– तिर्नुपर्नेछ ।

**६.** परीक्षा सबै खुल्ला प्रतियोगितात्मक मात्र हुनेछ ।

**७.** स्वंयमसेवक शिक्षकको परीक्षा एउटा तहको एउटै मिति र स्थानमा सन्चालन गरिनेछ ।

८. **स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने :** गाउँपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेद्वारको नामावलीको सूची तयार गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

९. **परीक्षा हुने मिति, समय र केन्द्र** : गाउँपालिकाले तोकेको मिति समय र केन्द्रमा सन्चालन हुनेछ ।

१०. **परीक्षाको दस्तुर** : दफा ७ को उपदफा ५ मा भए बमोजिम हुनेछ ।

११. **परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क** : गाउँपालिकाबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**१२. सफल उम्मेद्वारको सूची प्रकाशन गरिने :** लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारहरुमध्येबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेद्वारहरु थप गरी अन्तर्वार्ताको लागि उम्मेद्वारको नाम वणार्नुक्रम अनुसार प्रकाशन गरिनेछ ।

१३. **अन्तर्वार्ता सम्बन्धि व्यवस्था :** नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेद्वारको अन्तर्वार्ता लिनको लागि छनौट

समितिको संयोजकत्वमा अन्तर्वार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तर्वार्ता उपसमिति गठन गर्न सक्नेछ ।

१४. **अन्तर्वार्ताको अङ्क :** अन्तर्वार्ताको अङ्क शिक्षकको हकमा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम हुनेछ भने बालविकास सहजकर्ताको हकमा यस कार्यविधिमा उल्लेख गरे बमोजिम हुनेछ ।

१५. **योग्यताक्रम प्रकाशित गर्ने :**

क. लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेद्वारले अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडि सबै परीक्षाबाट सफल भएका उम्मेद्वारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नुपर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको १० प्रतिशतले हुन आउने संख्या उम्मेद्वारको नाम वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

ख.एक भन्दा तहमा सफल हुने उम्मेद्वारलाई माथिल्लो तहको लागि मा त्र सिफारिस गरिनेछ ।

१६. **नियुक्ति दिने :** सिफारिस गरिएको उम्मेद्वारलाई शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशन गरेको मितिले सात दिनभित्र नियुक्ति दिनुपर्नेछ । कुनै मुल उम्मेद्वारले १५ दिनभित्र नियुक्ति नलिएमा , वैकल्पिक उम्मेद्वारलाई नियुक्ति गरिने छ ।

१७. **स्वंयमसेवक शिक्षक छनौट समिति** :_स्वंयमसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत – संयोजक

ख.शिक्षा शाखा प्रमुख –सदस्य

ग. विषय विज्ञ ३ जना –सदस्य

घ. साथै आवश्यक परेको खण्डमा शिक्षा प्रशासन सेवामा कार्यरत कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

१८. **छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ** :

क. दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने गराउने

ख. प्रश्नपत्रको गोप्यता कायम गर्ने

ग. परीक्षा केन्द्रमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्ने

घ. मर्यादित ढङ्गले परीक्षा सन्चालन गर्ने

ङ. लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्ने

च. नतिजा प्रकाशन गर्ने

छ. अन्तिम नतिजा प्रकाशन गर्ने

ज. नियुक्तिका लागि सिफारिस गर्ने

झ. छनौट प्रक्रिया सम्बन्धमा केही विवाद आएमा सोको निरुपण गर्ने

**१९. स्वंयमसेवक शिक्षकको पदस्थापना :**_उम्मेद्वारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभब, शैक्षिक योग्यता, विद्यालयको आवश्यकताका आधारमा तोकिएको कार्य क्षेत्रमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम स्वंयमसेवक शिक्षकको पदस्थापना गरिनेछ ।

२०. **प्रोत्साहन उपलब्ध गराइने :** यस कार्यविधिबाट नियुक्ति हुने बालविकास सहजकर्ता लाई रु अठार हजार, प्रावि शिक्षकलाई रु बीस हजार , निम्न माध्यमिक तहको लागि बाइस हजार र माध्यमिक तहको लागि रु पच्चीस हजार मात्र र थप एक महिना बापतको चाडवाड खर्च र पोशाक बापत रु पाँच हजार समेत गरी १३ महिनाको भुक्तानी दिने दायित्व गाउँपालिकाको हुनेछ ।

## परिच्छेद - ३
## विविध

२१. **स्वंयमसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने** : संघिय सरकार वा प्रदेश सरकारबाट शिक्षक दरबन्दी प्राप्त भएमा वा विद्यालयमा शिक्षकको संख्यामा विद्यार्थी अनुपात कम भएमा गाउँकार्यपालिकाले स्वंयमसेवक शिक्षकको संङ्ख्या थपघट, अन्य विद्यालयमा सरुवा वा हटाउन सक्नेछ ।

२२. **प्रचलित कानुन लागु हुने** : यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. **अन्तिम व्याख्या** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२४. **खारेजी** : गाउँ कार्यपालिकाले यो कार्यविधि आवश्यकता र औचित्यको पुष्टि गरी जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

## अनुसूची- १
## (कार्यविधिको दफा ६ सँग सम्बन्धित)

सामान्य परीक्षा : ४०

विषयगत परीक्षा : ६०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ | प्रश्न संख्या | अंकभार प्रतिप्रश्न | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | २० | २० | २०*२ | वस्तुगत /बहुबैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ६० | २४ | ८ | ४*१०=४० (लामो उत्तर)<br>४*५=२० (छोटो उत्तर) | विषयगत | २:१५ मिनेट |

## सामान्य परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार

| क्र स | विषयक्षेत्र | अंकभार | प्रश्न | समय |
|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | २ | १ | ४५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | ६ | ३ | |
| ३ | सिकाइ र उत्प्रेरणा | ४ | २ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | ६ | ३ | |
| ५ | विद्यार्थी मूल्याङ्कन | २ | १ | |
| ६ | शैक्षिक व्यवस्थापन | ६ | ३ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | ४ | २ | |
| ८ | सूचना तथा सन्चार प्रविधि | २ | १ | |
| ९ | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरू | ८ | ४ | |
| जम्मा | | ४० | २० | |

**पुनश्च : वस्तुगत प्रश्नमा गलत उत्तरदिएका खण्डमा ०.२ प्रतिशत अंक कट्टा हुनेछ भने उत्तर नदिएमा सो बापत कुनै अंक कट्टा हुनेछैन् ।**

**विषयगत परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार**

| क्र स | विषयक्षेत्र | अंकभार | प्रश्न | समय |
|---|---|---|---|---|
| १ | शिक्षाको परिचय | ५ | १ | २:१५ मिनेट |
| २ | शिक्षा मनोविज्ञान | १० | २ | |
| ३ | सिकाइ र उत्प्रेरणा | ५ | १ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि | १० | २ | |
| ५ | विद्यार्थी मूल्याङकन | ५ | १ | |
| ६ | शैक्षिक व्यवस्थापन | १० | २ | |
| ७ | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | ५ | १ | |
| ८ | सूचना तथा सन्चार प्रविधि | ५ | १ | |
| ९ | संविधान,शिक्षा सम्बन्धी ऐन तथा | ५ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | नियमावलीहरू | | | |
| जम्मा | | ६० | १२ | |

सामान्य तथा विषयगत परीक्षाको पाठ्यक्रम

१. शिक्षाको परिचय
   क. शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उद्देश्यहरू र कार्यहरू

२. शिक्षा मनोविज्ञान
   क. शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्व
   ख.मानव विकास : वृद्धि र विकासको अवधारणा, चरण र विशेषताहरू
   ग. मानव विकासका चरणका विशेषताहरू र महत्व

३. सिकाइ र उत्प्रेणा
   क. सिकाइ :अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरू
   ख.उत्प्रेरणा : अवधारणा, आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरू

४. शैक्षणिक योजना र शिक्षण विधि
   क. शैक्षणिक योजना : अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, बार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना
   ख.शिक्षण विधि :शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरक्रियात्मक विधि

५. विद्यार्थी मूल्याङ्कन :
   क. निरन्तर विद्यार्थी मूल्याङ्कन : अर्थ आवश्यकता र प्रयोग

६. शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन
   क. कक्षाकोठा व्यवस्थापन: अवधारणा ,आवश्यकता र महत्व
   ख.शैक्षणिक संगठन : कक्षा शिक्षण, वहुकक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षाबहुस्तर शिक्षा

७. शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान

क. असल शिक्षकका गुणहरू

ख.कार्यमुलक अनुसन्धान : उद्देश्य र प्रयोग

८. सूचना तथा सन्चार प्रविधि

क. शिक्षा सिकाइका सूचना तथा सन्चार प्रविधिको प्रयोग

९. संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरू

क. नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था

ख.बर्जु गाउँपालिका शिक्षा ऐन,२०७९ मा प्रारम्भिक वालविकास केन्द्र सम्बन्धी व्यवस्था

ग. स्थानीय सरकार संचालन ऐन,२०७४ मा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारहरू

## अनुसूची – २
## (बालविकास सहजकर्ताको अन्तर्वार्ता सम्बन्धी व्यवस्था)

| क्र स | अन्तर्वार्ताका आधारहरू | अंकभार | | |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता | शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । | | |
| २ | प्रस्तुतीकरण | ५ अंक | | |
| ३ | विषयबस्तुको ज्ञान | ५ अंक | | |
| ४ | सामुहिक छलफल | ५ अंक | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत